नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
फोनः ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्सः ०१०-५४०१३३
ईमेलः rasuwadao@gmail.com
वेबसाईटः www.daorasuwa.moha.gov.np
धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

मितिः- २०७६/१२/२३

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

visit Nepal 2020 Lifetime Experiences

# प्रेस-नोट

कोभिड -१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यको सहजीकरणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/१६ गतेको निर्णय र कार्यादेश अनुसार गठित जिल्ला स्तरीय Crisis Management Center (CMC) रसुवाको मिति २०७६ चैत्र २३ गते बैठकबाट भएका निर्णयहरू सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

## निर्णयहरुः

१. असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायलाई उपलब्ध गराईने राहत सम्बन्धी नमूना मापदण्ड अनुसार आफ्नो मापदण्ड तयार गरी सोही अनुरुप यथाशिघ्र लगत संकलनको कार्य सम्पन्न गर्न सबै गाउँपालिकालाई अनुरोध गर्ने।

२. व्यक्तिगत वा संस्थागत रुपमा घर घरमा गएर वा घर टोलका मानिसहरु समूहमा जम्मा गरेर राहत सामग्री वितरण गर्दा समन्यायिक रुपमा राहत वितरण नहुने र कोभिड-१९ संक्रमण जोखिम बढ्न सक्ने सम्भावनालाई दृष्टिगत गरी सम्बन्धित गाउँपालिकाहरुले तयार गरेको राहत प्राप्त गर्न सक्ने वास्तविक व्यक्ति/परिवारको लगत अनुसार एकद्वार प्रणाली मार्फत सुरक्षित तवरबाट सम्बन्धित वडाध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरी समेतको सहभागिता रहेको वडास्तरीय संयन्त्र मार्फत प्रभावकारी वितरणको व्यवस्था मिलाउन गाउँपालिकाहरुलाई अनुरोध गर्ने।

३. गाउँपालिकाले तयार गरेको राहत वितरण सम्बन्धी लगत भित्र पर्ने विशेषत सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असहाय, बालबालिकालाई पहिलो प्राथमिकता राखी गाउँपालिकाहरुले वितरणको व्यवस्था मिलाउने

४. जिल्ला बाहिरबाट र जिल्ला भित्रै हुने मानिसहरुको आवागमनलाई पूर्ण नियन्त्रण गर्ने। रसुवा जिल्ला बाहिरबाट विभिन्न नाका हुँदै रसुवा प्रवेश गर्ने सबैलाई जिल्लाभित्र पायक पर्ने क्वारेन्टाईन स्थलमा कम्तिमा १४ दिन अनिवार्य राख्ने व्यवस्था गर्ने।

५. बेत्रावती नाकाहुँदै रसुवा भित्रिने खाद्यान्न, औषधी ढुवानी लगायत अत्यावश्यक सेवामा प्रयोग हुने सवारी साधनलाई Disinfection गरी मात्र प्रवेश गराउने व्यवस्था गर्न स्वास्थ्य कार्यालय रसुवा र रसुवा अस्पतालको समन्वयमा कार्यान्वयन गर्न उत्तरगया गाउँपालिकालाई अनुरोध गर्ने।

६. काठमाण्डौ लगायतका अन्य जिल्लाहरुबाट पैदल यात्रा गरी रसुवा बेत्रावती वाहेकका नुवाकोटसँग सीमाना जोडिएका अन्य स्थानहरु नौकुण्ड गाउँपालिकाको सरमथली, उत्तरगया गाउँपालिकाको नयाँपुल, पहिरे बेशी, ठूलोगाउँ/डाँडागाउँ हुँदै रसुवा प्रवेश गर्ने सम्भावनालाई दृष्टिगत गरी उक्त प्रवेश हुन सक्ने स्थानहरुमा उच्च सतर्कता अपनाउने, प्रवेश हुन नदिने व्यवस्था मिलाउने।

७. जिल्लास्तरका अस्पताल, हेल्थ डेस्क, क्वारेन्टाईन, आईसोलेसन र सबै वडाहरुका स्वास्थ्य संस्थामा कोभिड-१९ चेकजाँच, Screening का लागि प्रयोग हुने मौजुदा स्वास्थ्य सामग्रीको विवरण संकलन गर्ने र आवश्यकताका आधारमा जिल्लामा मौज्दात रहेका स्वास्थ्य सामग्री मध्येबाट स्वास्थ्य कार्यालय र रसुवा अस्पतालले समन्यायिक रुपमा व्यवस्था मिलाउने।

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्सः ०१०-५४०१३३
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

visit Nepal 2020 Lifetime Experiences

मितिः- २०७६/१२/२३

८. जिल्लाभित्र रहेका सरकारी, सामुदायिक र निजी सबै एम्बुलेन्सहरुको विवरण स्वास्थ्य कार्यालय र रसुवा अस्पतालले अद्यावधिक गर्ने।

९. एम्बुलेन्सहरुमा हुन सक्ने कोभिड -१९ को सम्भाव्य संक्रमणको जोखिम न्यूनिकरणका लागि एम्बुलेन्सको सवारी चालक कक्ष र बिरामी कक्षबीच सीसा वा आल्मुनियमको छेकवार (Partition) अनिवार्य व्यवस्था गर्ने। एम्बुलेन्स चालकहरुको सुरक्षाका लागि सबै सञ्चालकहरुले न्यूनतम व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री प्रबन्ध गर्ने र एम्बुलेन्स चालकहरुलाई सार्वजनिक/समूह सम्पर्क नहुने गरी छुट्टै बस्ने व्यवस्था मिलाउने।

१०. भारत लगायत तेस्रो मुलुकबाट विभिन्न समयमा रसुवा प्रवेश गरेका सम्भावित शंकास्पद व्यक्तिहरुको खोजी कार्य गर्नको लागि प्रत्येक वडाध्यक्षको नेतृत्वमा स्थानीय सुरक्षा निकायको प्रतिनिधि र स्वास्थ्य प्रतिनिधि रहने गरी ३ सदस्यीय Contact Tracing Team गठन गर्ने र उक्त टीमले आफ्नो क्षेत्रभित्र खोजी कार्य तत्काल प्रारम्भ गरी नियमित रुपमा Contact Tracing, Reporting गर्ने।

११. भारत लगायत तेस्रो मुलुकबाट २०७६/१२/०१ गतेदेखि नेपाल प्रवेश गरी रसुवा आई Self-Quarantine मा बसेका सबैको नमूना (स्वाव) संकलन गरी कोभिड-१९ परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउने।

१२. कोभिड-१९ संक्रमित वा संक्रमणको शंका गरीएका व्यक्तिहरुलाई सम्बन्धित स्थलबाट अस्पताल आईसोलशन स्थलसम्म पुर्याउन एम्बुलेन्स लगायत आवश्यक जनशक्तिको व्यवस्था र समन्वय गर्नको लागि जिल्लास्तरमा निम्न सदस्य रहेको Patient Receiving Team(PRT) गठन गर्ने।

निम्नः

| | | |
|---|---|---|
| क. | नि.मे.सु. | डा. अनिल कुमार खरेल |
| ख. | ज.स्वा.अ. | श्री किरण श्रेष्ठ |
| ग. | सेनानी | श्री सुरेन्द्र रोक्का |
| घ. | प्र.नि. | श्री श्याम कुमार वस्नेत |
| ङ. | स.प्र.नि. | श्री अच्युंतमणि अधिकारी |

२०७६/१२/२३

............................................
सपना कुमारी भट्टराई
सहायक प्रमुख जिल्ला अधिकारी
प्रवक्ता/सूचना अधिकारी

२३ चैत्र, २०७६ साल।